आज मिति २०८१ मंसिर १६ गते दिउँसो २.०० बजे यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक वसि निम्न निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि बहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष बहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम बहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री नर्बदा घिमिरे |

विशेष आमन्त्रण

१. शिक्षा अधिकृत श्री बोधराज पाठक

२. लेखा अधिकृत श्री सन्तोष अर्याल

३. शाखा अधिकृत श्री परशुराम घिमिरे

बेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय विशालटार, धादिङ बागमती प्रदेश, नेपाल

निर्णय नं. १

गाउँ कार्यपालिकाका यस अघिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

गाउँपालिकाले सेवाग्राहीलाई प्रवाह गर्ने सेवालाई चुस्त दुरुस्त बनाउन आवश्यक कार्यहरु गर्ने साथै वडावाट प्रवाह गर्न मिल्ने सेवा वडा कार्यालयबाट नै प्रवाह गर्ने व्यवस्था मिलाउनुका साथै अन्य सम्भव भए सम्मका सेवाहरुपनि वडामा एकीकृत घुम्ती शिविर सञ्चालन मार्फत वडामा नै सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ३

बागमती प्रदेश सरकारबाट यस गाउँपालिकामा गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयनको लागि गत आ.व. देखि स्वीकृत भएको र उक्त कार्यक्रम चालु आ.व.मा निरन्तरताको लागि गत आ.व. बमोजिम नै गाउँपालिकाबाट ३२ प्रतिशत लागत साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट प्रकाशन भएको सूचना अनुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा छनौट सम्बन्धी सूचना बमोजिम उक्त कार्यक्रम संचालनको लागि समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को अनुसूची - १ ले निर्दिष्ट गरे अनुसार यस गाउँपालिकाको वडा नं. ६ मा मत्स्य पालन (रेन्बो ट्राउट) कार्यक्रम र वडा नं. १० जवाङमा सुन्तला प्रवर्द्धन कार्यक्रम संचालन गर्ने र कार्यविधिको दफा ११ बमोजिम स्थानीय सरकारले गर्नुपर्ने लागत साझेदार २० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता सहित कार्यक्रम कार्ययोजना तयार गरी सम्बन्धित निर्देशनालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रधानमन्त्री रोजगार कार्यक्रमको आ व २०८१।०८२ को वडा नं १ देखी वडा नं १० बाट प्राप्त भएका रोजगारका आयोजनाहरु रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएका सूचिकृत बेरोजगारहरुमध्येबाट प्राथमिकीकरणमा परेका बेरोजगारहरुद्धारा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत (खरको छानो विस्थापित गरी जस्ताको छानो) लगाउने कार्यक्रम आर्थिक वर्ष २०७९।०८० मा सम्झौता भएका र बजेटको अभावका कारण भुक्तानी लिन बाँकी रहेका लाभग्राहीहरुलाई चालु आ व मा भुक्तानी गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ७

गाउँपालिकाको चालु आ.व.को आश्विन मसान्त सम्म सम्पन्न भई भुक्तानीका लागि आएका देहाय आयोजनाहरु फरफारक गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

देहाय

| सि.नं. | योजनाको नाम | वार्ड नं. | विनियोजित रकम | मुल्याङ्कन रकम | भुक्तानी रकम | कार्य सम्पन्न मिति |
|---|---|---|---|---|---|---|
| १ | ठिन्केढाड गोरेटोबाटो निर्माण | ३ | १,५०,००० | १,६१,९९१.०० | १,४१,६६३.३० | ०७/२६/२०८१ |
| २ | कुरीनि सिढी बाटो निर्माण | १० | ३,००,००० | ३,२०,६१७.०० | २,८७,६३४.८७ | ०८/०१/२०८१ |
| ३ | बौद्दिक टोल | ७ | ४,००,००० | ४,३६,६७४.०० | ३,८८,०००.०० | ०८/०२/२०८१ |
| ४ | गौरीशंकर महादेव मन्दिर एकादसी मेला व्यवस्थापन | २ | १,५०,००० | २,३४,२९९.०० | १,५०,०००.०० | ०८/०२/२०८१ |
| ५ | लाहुरेनी टोल सडक ढलान | ७ | ५,००,००० | ५,३६,४९६.०० | ४,८५,०००.०० | ०८/११/२०८१ |
| ६ | झगरेखोला तटबन्ध | ७ | ५,००,००० | ५,३०,०५७.०० | ४,७६,१३२.३२ | ०८/१३/२०८१ |

निर्णय नं. ८

यस गाउँपालिकाको देहायका स्थानमा नदी कटानका कारण वस्ती तथा जग्गा जमिन जोखिममा रहेकोले तटबन्धको लागि आवस्यक बजेट ब्यवस्था हुन प्रदेश सरकार बागमती प्रदेश समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

देहाय

१. मौवाखोला तटवन्ध, हुग्दीखोला तटवन्ध, घट्ट तटवन्ध, सिरदुम घट्ट तटवन्ध बेनीघाट रोराङ १०

निर्णय नं. ९

गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन गर्न गठित अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदन माथि छलफल गरियो । समितिले दिएको सुझावहरु पूर्ण कार्यान्वयन गरी अन्तरिक नियन्त्रण प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

पशुसेवा शाखाबाट पेश हुन आएका देहायका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

१. नमुना बाख्रा फार्म ब्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१

२. सामुदायिक कुकुरमा रेबिज विरुद्धको खोप तथा बन्ध्याकरण शिविर सञ्चालन कार्यविधि, २०८१

निर्णय नं. ११

यस गाउँपालिकाका देहायका सडकहरु मर्मत सम्भार गर्न आवश्यक भएकोले चालु आ.व.२०८१/०८२ मा सडक बोर्ड नेपाल संगको साझेदारीमा मर्मत सम्भारका लागि सडक बोर्ड नेपाल समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

देहाय

१.चरौदी जनगाउँ मोहरीया सडक बेनीघाट रोराङ- ५

२. सुन्दरनागी सिमटार सडक बेनीघाट रोराङ- १

बेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धादिङ बागमती प्रदेश